**यो आकाशवाणी हो।**

**सुरुमा यस बुलेटिनका प्रमुख समाचार:**

**-सरकारले देशमा दुर्लभ मृता चुम्बकहरूको उत्पादनलाई प्रोत्साहन दिनभनि एक हजार तीन सय 45 करोढ़ रूपियाँको Subsidy Scheme शुरू गर्ने योजना बनाई रहेकोछ।**

**- राष्ट्रीय सुरक्षा सल्लाहकार अजित डोभालले स्वदेशी प्रोद्यौगिकीको प्रयोग गरेर भारतले Operation Sindoor मा सफलता प्राप्त गरेको भन्नुभएको छ।**

**-15औं पूर्व एशिया शिखर सम्मेलन अन्तर्गत विदेश मंत्रीहरूले बैठक आज मलेशियाको राजधानी क्वालालंपुरमा बस्यो।**

**- श्रावण मासको कांवड़ यात्रा आज देखि शुरूभएकोछ। झारखण्डको देवघरमा बाबा वैधनाथ धाममा जलाभिषेकका लागि ठूलो संख्यामा कांवड़ियाहरू एकत्रित भएको छन।**

**- खेलाड़ीहरूलाई छात्रवृत्ति प्रदान गर्नका लागि भारतीय तीरंदाजी संघले आज दिल्लीमा एक निजी शिक्षण संस्थानका एउटा समझौंता ज्ञापनमा हस्ताक्षर गरेकोछ।**

**दुर्लभ खनिज चुम्बक**

सरकारले देशमा दुर्लभ मृदा- चुम्बकहरूको उत्पादनलाई प्रोत्साहन दिन भनि एक हजार तीन सय 45 करोढ़ रूपियाँको Subsidy योजना शुरूगर्ने योजना बनाई रहेकोछ। यस संबधमा अंतर –मंत्रालयी परामर्श जारीछ। भारी उद्योग मंत्रालयका सचिव कामरान जिध्वीले नयाँ दिल्लीमा एक समारोहमा जानकारी दिंदै भन्नुभयो यस योजनाले दुर्लभ मृदा oxide चुम्बकमा परिवर्तित गर्नका लागि सघाउ पुर्याउनेछ।यो प्रस्तावित योजना चीन द्वारा दुर्लभ मृदा चुम्बकको निपतिमा प्रतिबंध लगाएपछी आएको हो।

**IIT –NSA**

राष्ट्रीय सुरक्षा सल्लाहकार अजित डोभालले स्वदेशी प्रोद्यौगिकीको प्रयोग गरेर भारतले Operation Sindoor मा सफलता प्राप्त गरेको भन्नुभएकोछ। यस अंतर्गत पाकिस्तानमा 28 मिनटमा 9 अथवा दस आतंकी मद्रासको 62 औं दीक्षान्त समारोहमा श्री डोभालले भन्नुभयो Operation Sindoor को बेला भारतीय सेनाका साथ ब्रहमोस, एकीकृत वायु कमान प्रणाली र रडार जस्ता अत्याधुनिक प्रोद्योंगिकी थियो। उहाँले विद्यार्थीहरूसित दुर्लभ खनिजहरू , Artificial Intelligence र Quantum Computing जस्ता संसाधनहरू मार्फत नयाँ तकनीकको निर्माण गरि देशलाई 2047 सम्म विकसित राष्ट्र बनाउने आग्रह गर्नुभयो। Byte..

**ई वी ई – जे पी सी – एक राष्ट्र एक चुनाव**

एक राष्ट्र एक चुनानवबारे संयुक्त संसदीय समितिको आज नयाँ दिल्ली स्थित संसद भवनमा बैठक बस्यो। (उनचालीस) 39 सदसीय यस समितिमा लोकसभाका 27 अनि राज्यसभका 12 सदस्य शामेल छन्। यो बैठक 129 औं संविधान संशोधन विधेयक 2024 र केन्द्र शासित प्रदेश विधि संशोधन विधेयक 2024 को व्यापक समीक्षा अंतर्गत भयो जसको उद्देश्य लोकसभा र राज्य विधानसभाका लागि एक साथ चुनाउ गराउनु हो।

**पूर्व एशिया बैठक**

15औं पूर्व एशिया शिखर सम्मेलन अन्तर्गत विदेश मन्त्रीहरूको बैठक आज मलेशियाको राजधानी क्वालालम्पुरमा आयोजित गरियो। यसमा जारी पूर्व एशिया शिखर सम्मेलन सहयोग अनि भावी कार्यक्रमबारे चर्चा गरियो। नेताहरूले, क्षेत्रीय र अंतर्राष्ट्रिय घटनाक्रमहरूबारे पनि विचारहरूको आदान – प्रदान गरे।

केन्द्रिय विदेश राज्य मन्त्री पवित्र (Margarita) मार्गरिता पनि आसियानका अध्यक्षको निमन्त्रणामा विदेश मन्त्रीहरूको बैठकमा भाग लिनु क्वालालंपुर पुग्नुभएकोछ। पूर्व एशिया शिखर सम्मेलनको स्थापना 2005 मा भएको थियो। यसमा 18 देश शामेल छन्।

**अमरीका, कोरिया, जापान त्रिपक्षीय वार्ता**

दक्षिण कोरिया, अमेरीका र जापानले आज मलेशियामा बसेको एक बहुपक्षीय बैठकमा प्रमुख साझा क्षेत्रीय र वैश्विक मद्दाहरूमा समन्वयबारे चर्चाका लागि त्रिपक्षीय मन्त्री स्तरीय वार्ता गरे। प्रथम उप विदेश मन्त्री पार्क- यूव-जूले, दक्षिण पूर्व एशियाली राष्ट्र संघ (आसियान) द्वारा आयोजित विदेश मन्त्रीहरूको बैठक भन्दा अगलग अमेरीकाका विदेश मन्त्री Marco Rubio र जापानका विदेश मन्त्री ताकेश्री इवायाका साथ वार्तामा शामेल हुनुभयो।

यस वार्तामा तीनैवटा पक्षहरूले उत्तर कोरियाको परमाणु तिरस्त्रीकरण र त्यसका परमाणु कतराहरूलाई रोक्ने प्रयासहरू लगायत् प्रमुख साझा विषयहरूमा समन्वयको प्रतिबद्धता दोहयाए।

**कांवड़- यात्रा**

श्रावण मासको कांवड़ यात्रा आज देखि शुरूभएकोछ । बिहान देखि नै ठूलो संख्यामा कांवड़ियाहरू गंगाजल लिनुका लागि उत्तराखण्डको हरिद्वार ऋषिकेश नीलकंठ महादेव र गंगोत्री धाम पुगि रहेका छन्। कांवड़ यात्राको मध्येनजर, सरकार र प्रशासनले यात्राका सबै तयारी पूरा गरेकाछन्।

**श्रावण- वैद्यनाथ**

आज देखि श्रावण मास शुरू भएको यस पवित्र महिनाको शुरूआतसित नै देवघरमा बाबा वैद्यनाथ धाममा जलभिषेकका लागि ठूलो संख्यामा कांवड़ियाहरू एकत्रित भएका छन्। वैधनाथ धाम, भगवान शिवका 12 ज्योतिर्लिङहरू मध्ये एक हो। श्रद्धालुहरू बिहान 4 बजे देखि नै बाबा वैधनाथको जलाभिषेक गरि रहेका छन्। श्रावण मासको पहिलो दिन आज 40 हजार भन्दा बढ़ि कांवढ़ियाहरूले जलाभिषेख गरि सकेकाछन्। जलाभिषेकको प्रक्रिया जारी नैछ। राज्य सरकार र जिल्ला प्रशासनले बाबालाई अर्ध्य अर्पित गर्न सुचारू प्रबन्ध गरेको छ।Byte..

राज्यका पुलिस प्रमुख अनुराग गुप्ताले श्रावणको पवित्र महीनाको बेला श्रद्धालुहरूको सरक्षाका लागि व्यापक प्रबन्धहरू गरिएको बताए। उता, दुमका जिल्लाको बासुकीनाथ मंदिरमा पनि ठूलो संख्यामा कांवड़ीयाहरू पुगि रहेका छन्। ...Byte

**तीरंदाजी समझौंता**

खेलाड़ीहरूलाई छात्रवृत्ति प्रदान गर्नका लागि भारतीय तीरंदाजी संघले आज दिल्लीमा एक निजी शिक्षण संस्थानका साथ एउटा समझौता ज्ञापनमा हस्ताक्षार गर्यो। यस पहल अन्तर्गत Champs Scholarship Program ले खेलाड़ीहरूलाई उनका स्तर अनुसार 100 प्रतिशत 5 प्रतिशत र तीस प्रतिशत सम्मको छात्रवृत्ति प्रदान गर्नेछ। यसका अतिरिक्त online शिक्षा द्वारा खेलाड़ीले कुनैपनि ठाँउबाट आफ्नो पढ़ाई-लेखाई गर्न सक्नेछ। साथै उनीहरूलाई खेल-मनोविज्ञानमा एक निशुल्क प्रमाणपत्र र एक समर्पित अकादमिक सल्लाहकारको सुविधा पनि प्राप्त हुनेछ।

यस अवसरमा तीरंदाजी संघका अध्यक्ष र पूर्व केंद्रिय मंत्री अर्जु मुण्डा उपस्थित हुनुहुन्थ्यो।

**विश्व जनसंख्या दिवस**

आज विश्व जनसंख्या दिवस हो। यस अवसरमा केन्द्रीय स्वास्थ्य मन्त्री J .P Nadda ले भन्नुभएकोछ मातृ र शिशु स्वास्थ्यमा राम्रो परिणाम प्राप्त गर्नका लागि आमा- बुबालाई पालन पोषणको सही योजना तयार पार्न पर्दछ। विश्व जनसंख्या दिवस प्रत्येक वर्ष 11 जुलाईका दिन मनाईन्छ।

यस वर्षको विषय हो “आमा र बच्चाको स्वास्थ्य र कल्याणका लागि गर्भावस्थाको बेला सही हेरचाह” ।